नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

(स्थानीय तह समन्वय शाखा)

पत्र सं.: २०८१/०८२

चलानी नं. ३८१

मितिः २०८२/२/८

श्री नगरपालिका/गाउँपालिका, (सबै)

विषयः खोप महिना सञ्चालन गर्ने सम्बन्धमा ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, स्वास्थ्य समन्वय महाशाखाको प.सं. ०८१/०८२ ब.क्षे.स.शा, च.नं. २२८ मिति २०८२/१/१४ को खोप महिना सञ्चालन सम्वन्धमा समन्वय गरिदिने सम्वन्धी पत्रको छायाँप्रति यसै साथ संलग्न गरी आवश्यक जानकारी तथा कार्यार्थ पठाईएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

(दीपेश कट्टेल)

शाखा अधिकत

वोधार्थः

श्री स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, स्वास्थ्य समन्वय महाशाखा, रामशाहपथ ।

श्री सूचना प्रविधि शाखाः सबै नगरपालिका/गाउँपालिकाको ईमेल मार्फत पत्र पेषित गरि वेबसाईटमा अपलोड गरिदिनुहुन ।

९६

नेपाल सरकार
# स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
## स्वास्थ्य समन्वय महाशाखा
रामशाहपथ, काठमाडौं नेपाल

४- २२३५८०, २६२६९६, २६१७३६, २६२८०२, २६२९८७, २६२४६८, २६२५४३

प.स. ०८१/८२/४ ब.क्षे.स.शा
च.नं. ९२८

मिति: २०८२/०१/१४

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं

सङ्घीय मामिला तथा सामान्य प्रशासन म
दर्ता नं.:- ३८२२
दर्ता मिति:- २।२

विषय: खोप महिना संचालन सम्बन्धमा समन्वय गरिदिनुहुन ।

प्रस्तुत विषयमा विश्व स्वास्थ्य संगठनले अप्रिल २४-३० लाई विश्वब्यापी रुपमा हरेक वर्ष खोप सप्ताहको रुपमा मनाउन आव्हान गरेकोमा नेपालमा बैशाख महिनालाई नै खोप महिनाको रुपमा मनाउने गारिएको छ। बैशाख महिनालाई खोप महिनाका रुपमा मनाउँदा अपनाईने कार्यनीतिहरु सबै स्थानीय तहको समन्वयमा मात्र प्रभावकारी रुपमा कार्यान्वयन गर्न सम्भव भएकोले तहाँ मन्त्रालय मार्फत सबै स्थानीय तहहरुमा तपसिल बमोजिमको विवरण जानकारी र समन्वयको लागि पत्राचार गरिदिनुहुन यस मन्त्रालय (सचिवस्तर) मिति २०८२/०१/१४ को निर्णयानुसार अनुरोध छ।

अन्जना पोखेल
शाखा अधिकृत

श्री स्था. त. नि. शा (क)

तपसिल

- स्थानीय तहको समन्वयमा सबै स्वास्थ्य संस्थाले महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकालाई परिचालन गरेर घर-घरमा गई पाँच वर्षमुनिका बालबालिकाको अभिभावकसँग सोध-पुछ गरेर, ती बालबालिकाको खोप कार्ड हेरेर नौवटा खोपहरूको सबैमात्रा लगाएका छन् कि छैनन् भनी निश्चित गर्ने र खोप लगाउन छुट भएका बालबालिकाको नामावली संकलन गरेर स्वास्थ्य संस्थामा बुझाउने ।
- खोपदिने स्वास्थ्यकर्मीले खोप लगाउन छुटेका पाँच वर्षमुनिका बालबालिकाका अभिभावकलाई सम्पर्क गरेर निजलाई पायक पर्ने खोप केन्द्रको नाम, स्थान र सञ्चालन हुने मिति र समयवारे जानकारी गराएर छुट खोप लगाउन अभिप्रेरित गर्ने ।
- खोप लगाउन छुट भएका पाँचवर्ष मुनिका बालबालिकालाई छुट खोप लगाउने व्यवस्था निम्नअनुसार गर्ने गराउनेः
  १. नियमित खोप केन्द्रबाट, अतिरिक्त खोप केन्द्रबाट र बैशाख ३१ गते सबै स्वास्थ्य संस्थाहरूमा खोप केन्द्र सञ्चालन गरेर ।
  २. कुनै वर्ग-समुदायका बालबालिकाको लागि नियमित खोप केन्द्र सञ्चालन हुने दिन र समय अनुकुल नभएको कारणले बालबालिकालाई नियमित खोप लगाउन छुट भएको पाइएमा तिनीहरूको लागि अनुकुल हुने समयमा खोप सेसन सञ्चालन गरेर छुट खोप लगाउने !
  ३. जस्तैःअभिभावकहरू दैनिक कामकाजमा जाने भएमा विहानको समयमा खोप सेसन सञ्चालन गर्ने, अभिभावकहरू सरकारी वा गैरसरकारी कार्यालयमा कामकाजमा जाने भएमा शनिवारको दिन खोप सेसन सञ्चालन गर्ने ।